# धुनिवेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खानिखोला, धादिङ
## बागमती प्रदेश, नेपाल

प.सं.: ०७८/०७९
च.नं.:

मितिः२०७९/०२/०९

**सूचना !   सूचना !!   सूचना !!**

विषयः वक्तृत्वकला प्रतियोगिता सम्बन्धमा।

प्रस्तुत सम्बन्धमा प्रदेश युवा परिषद् कार्यालयको मिति २०७९।०१।२२ को पत्रानुसार युवा प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गर्नको लागि प्रदेश स्तरीय वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्न लागेकोले बागमती प्रदेश भित्रका प्रत्येक स्थानीय तहले सहभागि छनौट तथा सिफारिस गरी प्रतियोगितामा सहभागि हुन पठाइदिनु भनि लेखि आएको हुँदा तपसिल बमोजिमको समय, मिति र स्थानमा वक्तृत्वकला प्रतियोगिता सञ्चालन हुने भएकोले मिति २०७९।०२।१८ गते ५:०० बजे भित्रमा धुनिवेशी नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा नाम दर्ता गर्नको लागि अनुरोध छ।

.................................
विकास खत्री
(अधिकृत आठौं)

तपसिलः

१. वक्तृत्वकला प्रतियोगिताको विषय "सृर्जनशीलता र उद्यमशीलता प्रवर्द्धनः बागमतीमा युवा सशक्तीकरण"
२. १६-२४ उमेर समूहका युवाहरुले यस प्रतियोगितामा भाग लिन सक्नेछन्।
३. धुनिवेशी नगरपालिका स्तरीय प्रतियोगिता मिति २०७९।०२।२० गते समय ११:०० बजे श्री मच्छिन्द्र मा.वि. खानिखोलामा हुनेछ।
४. विस्तृत विवरण प्रदेश युवा परिषद्को कार्यालयबाट प्रेषित पत्र समेत यसै साथ संलग्न गरिएको छ।

बागमती प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय

# प्रदेश युवा परिषद्को कार्यालय

प्रदेश युवा परिषद्, बागमती
PROVINCE YOUTH COUNCIL, BAGAMATI
हेटौडा, नेपाल

प.सं.२०७८/७९
च.नं.

मितिः २०७९/०१/२२

विषयः सूचना ।

श्री बागमती प्रदेश भित्रका सम्पूर्ण स्थानिय निकायहरुः
बागमती प्रदेश, हेटौडा, नेपाल ।

यस आ.ब. २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको सन्दर्भमा युवा प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले यसै सूचनालाई आधारमानी बागमती प्रदेश भित्रका प्रतेक स्थानिय तहले सहभागी छनौट तथा शिफारिस गरी निम्न जिल्लाको निम्नानुसार स्थानमा हुने प्रतियोगितामा सहभागी हुन पठाइदिनुहुन अनुरोध छ । प्रतेक स्थानिय निकाय हुँदै जिल्लागत प्रतियोगितावाट छनौट भएका युवाहरुलाई प्रदेश स्तरिय प्रतियोगितामा सहभागी गराई प्रथम, द्वितिय र तृतिय तथा सान्त्वना पुरस्कार प्रदान गरिने वेहोरा अनुरोध छ ।

सहभागी छनौटका आधारहरुः

१. प्रतियोगिताको विषय वक्तृत्वकला प्रतियोगिता हुनेछ र जसको विषय " सिर्जनशीलता र उद्यमशीलता प्रवर्द्धनः बागमतीमा युवा सशक्तीकरण " रहेको छ ।

२. १६-२४ उमेर समूहका युवाहरुले यस प्रतियोगितामा भाग लिन पाउनेछन् ।

३. स्थानिय निकायले युवा छनौट गर्दा १ महिला र १ पुरुष युवा छनौट गरी तपशिलको तोकिएको स्थानमा सहभागी हुन पठाइदिनु पर्नेछ ।

४. जिल्लागत प्रतियोगितामा प्रथम हुने १ महिला र १ पुरुषको लागि प्रतिव्यक्ति रुपुरस्कारको व्यवस्था गरिएको छ । ००।३०००.

५.) जिल्लागत रुपमा प्रथम भएका १ महिला र १ पुरुषले तोकिएको मितिमा बागमती प्रदेशको राजधानी हेटौडामा आयोजना हुने प्रदेश स्तरिय प्रतियोगितामा भाग लिनेछन् र जसको पुरस्कार राशी निम्नानुसार रहेको छ ।

क) प्रथम पुरस्कारः रु ३००००।०० (अक्षेरुपी रु तीस हजार मात्र )

२०७९/०१/२२
नि.कार्यालय प्रमुख

बागमती प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
# प्रदेश युवा परिषद्को कार्यालय

प्रदेश युवा परिषद्, बागमती
PROVINCE YOUTH COUNCIL, BAGAMATI
हेटौडा, नेपाल

प.सं.२०७८/७९
च.नं.

ख) ) दोस्रो पुरस्कारः रु २५०००।०० (अक्षेरुपी रु पच्चीस हजार मात्र )

ग ) तेस्रो पुरस्कारः रु २००००।०० (अक्षेरुपी रु बीस हजार मात्र )

घ) सान्त्वना पुरस्कारः रु १००००।०० (अक्षेरुपी रु दश हजार मात्र )

६. सहभागी हुने स्थानिय निकायको केन्द्रहरु:

**क) मकवानपुर केन्द्रः मिति २०७९।०२।२२ गते विहान १०.०० वजे ।**

मकवानपुर , सिन्धुली र चितवन जिल्लाका स्थानिय निकायका सहभागीहरुः

**ख) नुवाकोट केन्द्रः मिति २०७९।०२।२५ गते विहान १०.०० वजे ।**

नुवाकोट र रसुवा जिल्लाका स्थानिय निकायका सहभागीहरुः

**ग) धुलिखेल केन्द्रः मिति २०७९।०२। २७ गते विहान १०.०० बजे ।**

दोलखा, रामेछाप र सिन्धुपाल्चोक जिल्लाका स्थानिय निकायका सहभागीहरुः

**घ) काठमाडौ केन्द्रः मिति २०७७९।०२। २९ गते विहान १०.०० वजे ।**

धादिङ, काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका स्थानिय निकायका सहभागीहरुः

५. प्रदेश स्तरिय प्रतियोगिता मिति २०७८।०३।०४ गते विहान १०.०० वजे हेटौडा मकवानपुरमा सञ्चालन गरिनेछ ।

६. प्रतियोगिताको जिल्लामा सञ्चालन हुने स्थान र प्रदेश स्तरिय प्रतियोगिता हुने स्थान सम्बन्धी जानकारीका लागि कार्यालय प्रमुखको मोवाइल नं. ९८५५०६५२५१ वा कार्यकारी उपाध्यक्ष को मो.नं ९८५१०१३८९१ मा सम्पर्क राखी लिन सक्नुहुनेछ ।

७. कार्यक्रम सम्बन्धमा कुनै कुरा बुझ्नु परेमा वा दुविधा भएमा माथि उल्लेखित नं. मा सम्पर्क राखिदिनुहुन स्थानिय निकायहरुलाई पनि अनुरोध गरिएको छ ।

०७८।०५।२२

.....................
रमेश घिमिरे
नि. कार्यालय प्रमुख